बिधेयक संख्या :

भागेश्वोर गाउपालिकको

अर्थ सम्बन्धिप्रस्तावलाई कार्यान्वय गर्न बनेको

बिधेयक

गाउँ सभा

भागेश्वोर ,डडेल्धुरा

प्रदेश न.७

२०७५

## <u>उदेश्य र कारण</u>

भागेश्वोर गाउपालिकाको अर्थ सम्बन्धि प्रस्तावहरुलाई कार्यान्वयन गर्न कर,गैर कर ,सेवा शुल्क ,दस्तुर र दण्ड जरिवाना लगाउन तथा राजस्व प्रशासन संचालन सम्बन्धि व्यवस्था गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो | प्रस्तुत विधेयकको व्यवस्थाले सवारी साधन कर ,घर जग्गा ,बहाल कर बिज्ञापन कर,मनोरंजन कर ,कृषि आयमा कर ,प्राकृतिक स्रोत कर ,शेवा शुल्क,दस्तुर,पर्यटन शुल्क र दन्ड जरिवानाको दर तथा दायरा निर्धारण गरि त्यस्तो कर लगाउने वा आंशिक वा पुरै छुट दिने व्यवस्थाको अलावा राजस्व प्रशासन संचालन सम्बन्धि व्यवस्था सम्बन्धी व्यवस्था समेत निर्धारण गरिएको छ |

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो|

(कौशिला कुमारी भट्ट )

अध्यक्ष

भागेश्वोर गाउपालिका

## भागेश्वोर गाउपालिकको अर्थ सम्बन्धिप्रस्तावलाई कार्यान्वय गर्न बनेको बिधेयक

**प्रस्तावनाः** भागेश्वोर गाउपालिकको आर्थिक बर्ष २०७५/०७६ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्नको निमित्त कर तथा गैर कर लगाउने तथा राजस्व संकलन गर्ने र राजस्व प्रशासन सञ्चालन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, भागेश्वोर गाउपालिकाको , गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल साउन १ गते देखि गाउपालिका भरि लागु हुनेछ ।

**२.घरजग्गा शुल्क :** (१) गाउपालिका भित्र घरजग्गा तथा बहाल कर नविकरण गर्दा **अनसुची-१ र २** बमोजिम घरजग्गा तथा बहाल कर नविकरण शल्कु लगाईने र असलु उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शुल्कको संकलन घरजग्गा तथा बहाल कर नविकरण गर्दाका बखत सम्बन्धित वार्ड कार्यालयले गर्नेछ ।

(३) घरजग्गा तथा बहाल कर नविकरण शल्कु नविकरण गर्दाको बखतमा नविकरण गरि गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिलाई लाग्ने छ।

(४) घरजग्गा तथा बहाल कर नविकरण शल्कु प्रत्येक कारोबारको लिखतमा उल्लेखित भएको रकम वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकम मध्ये जुन बढी हुन्छ सो रकम लाग्ने छ ।

**३.व्यवसाय कर :** (१) गा.पा. भित्र व्यवसाय दर्ता गर्दा अनसुची-३ बमोजिमको व्यवसाय दर्ता कर लगाई असलु उपर गरिनेछ ।

(२) **स्पष्टीकरण**:यस दफाको प्रयोजनको लागि "व्यवसाय " भन्नाले निर्माण व्यवसायी ,होटेल ,लज,रेस्टुरेन्ट,मासु पसल ,सुन चादी गहना पसल ,रेडियो मोबाइल बिक्रि तथा मर्मत ,संचार सेवा ,घडी बिक्रि तथा मर्मत ,केवल टि.भि.सेवा ,फोटो स्टुडियो ,हजाम ,टेलरिंग,जुत्ता पसल ,कपडा पसल ,मेटलका फर्निचर वा उद्योग वर्क सप ,काष्ट उधोग ,स्वास्थ्य सेवा ,कम्पुटर पसल ,तरकारी तथा फलफुल पसल ,मिलहरू ,किराना पसल आदि सम्झनु पर्दछ | उपदफा (१) बमोजिमको कर गाउँ सभाले तोकेको निकायले संकलन गरी गा.पा.को संचित कोष खातामा जम्मा गर्नेछ ।

(३) उपदफा (२) बमोजिम गा.पा.को संचित कोष खातामा जम्मा भएको रकमको सम्बन्धित वार्डले रेकर्ड राखी गा.पालाइ सोको बिवरण सहितको जानकारी पठाउनेछ।

(४ ) व्यवसाय भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाई सराई गरेको स्थान वा रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको स्थान वा कारोबार रहेको स्थान रहेको गा.पा. कार्यालय वा तोकिएको निकायमा तोकिए बमोजिम व्यवसाय कर बुझाउनु पर्नेछ|

**४.सवारी साधन करः** (१) गा.पा. भित्र सवारी साधन दर्ता गर्दा अनसुची-५ बमोजिम सवारी साधन कर लगाई असलु उपर गरिनेछ ।

**स्पष्टीकरण**:यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा उर्जा प्रयोग गरी यान्त्रिक शक्ति बाट सडकमा चल्ने सवारी साधन सम्झन पर्दछ | उपदफा (१) बमोजिमको कर गाउँ सभाले तोकेको निकायले संकलन गरी गा.पा. संचित कोष खातामा जम्मा गर्नेछ ।

(३) उपदफा (२) बमोजिम गा.पा.को संचित कोष खातामा जम्मा भएको रकमको सम्बन्धित वार्डले रेकर्ड राखी गा.पा. लाइ सोको बिवरण सहितको जानकारी पठाउनेछ।

(४ ) सवारी साधन भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाई सराई गरेको स्थान वा रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको स्थान वा कारोबार रहेको स्थान रहेको गा.पा. कार्यालय वा तोकिएको निकायमा तोकिए बमोजिम सवारी साधन कर बुझाउनु पर्नेछ।

(५) यो ऐन प्रारम्भ हुनु पूर्व सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम दर्ता भएका सवारी साधनकाधनीले२०७५ चैत्र मसान्तसम्म उपदफा (५) बमोजिम सवारी दर्ता गरी कर बुझाइ सक्नु पर्नेछ ।

(६)यस  दफा जनसुकै कुरा लेखिएको भए तापनि  टाँगा, रिक्सा, अटो रिक्सा र विधुतीय रिक्सामा सवारी साधन कर सम्बन्धित वार्ड कार्यालयले  लगाउने र उठाउनेछ ।

५.<u>बिज्ञापन कर :</u>(१) गा.पा. भित्र  बिज्ञापन सामग्री राखे बाफत लाग्ने बिज्ञापन कर अनुसूची-५ बमोजिमको कर भागेश्वोर गाउपालिकाले लगाउने र उठाउने छ ।

(२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह्ले राखेका विज्ञापन सामग्रीमा बिज्ञापन कर लाग्ने छैन।

(३) उपदफा (१) बमोजिम उठेको रकम वार्ड वा गाउपालिका ले संचित कोषमा जम्मा गरि सोको बिवरण सहितको जानकारी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(४) विज्ञापन कर असूल सम्बन्धि अन्य व्यवस्था  गाउँपालिकाको कानून बमोजिम हुनेछ  ।

६ .**<u>मनोरञ्जन कर:</u>** (१) गाउपालिका भित्र संचालित चलचित्र  घर, खेलकुद प्रतियोगिता , फन पार्क , पार्क , स्विमिंग  पुल, डिजीटल तथा एनालग टेलीभिजन , साँस्कृतिक कार्यक्रम , कन्सर्ट , नाटकघर, भिडियो  घर,थियटर  र मेला  महोत्सवमा गाउपालिकाले मनोरन्जन कर लगाउने  र असुल उपर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम  मनोरन्जन कर बाट  उठेको रकम  र विवरण मनोरन्जन व्यवसाय संचालक वा धनीले कर उठाएको महिना भन्दा पछिको महिनाको २५ गते भित्र सम्बन्धित गाउपालिका वा वार्ड कार्यालयमा  जम्मा गर्नुपर्ने छ।

(३) उपदफा (२) बमोजिम जम्मा भएको रकम सम्बन्धित वार्ड वा गाउपालिकाले संचित कोषमा राखी सोको विवरण सहितको जानकारी गा.पा.मा पठाउनुपर्ने छ |

(४) यस  दफा बमोजिमको  कर प्रशासन गाउँपालिकाले लगाउनेछ ।

(५) कुनै व्यक्ति, संस्था वा निकायले मनोरन्जन कर छलेको पाइएमा स्थानीय तहको तोकिएको अधिकृतले कर निर्धारण गर्न सक्ने छ ।

(६) उपदफा (५) बमोजिम कर निर्धारण गर्दा अधिकृतले सम्बन्धित ब्यक्ति, संस्था वा निकायलाइ आफ्नो सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्ने छ ।

(७) उपदफा (२) बमोजिमको म्यादभित्र कर दाखिला नगरेमा बार्षिक पन्ध्र प्रतिशत ब्याज र बिवरण दाखिला नगरेमा प्रति विवरण पाच सय रुपैया असुल उपर गरिनेछ ।

(८) कुनै व्यक्तिले कर छलेमा तोकिएको अधिकृतले उपदफा (५) बमोजिम कर निर्धारण गरेको रकमको पच्चीस प्रतिशत रकम जरिवाना गर्न सक्नेछ ।

(९) उपदफा (२) बमोजिमको मनोरन्जन कर नबुझाउने व्यक्ति, संस्था वा निकायलाइ तोकिएको अधिकृतले त्यस्तो ब्यक्ति, सस्था वा निकायद्वारा संचालित कारोबार बन्द गर्न आदेश दिन सक्नेछ ।

(१०) उपदफा (५) बमोजिम गरेको कर निर्धारण वा उपदफा (९) बमोजिम कारोबार बन्द गर्न दिएको आदेश उपर चित्त नबुझने व्यक्तिले त्यस्तो सूचना पाएको मितिले तीस दिन भित्र प्रशासकिय पुनरावलोकनका लागि भागेश्वोर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत समक्ष निबेदन दिन सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम निबेदन दिने म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिनभित्र म्याद गुज्रिन गएको कारण खोलि गा.पा. का प्रमुख प्रशासकीय अधिकृत समक्ष निबेदन दिन सक्नेछ र त्यस्तो निबेदनमा उल्लेखित कारण मनासिब देखिएमा गा.पा. का प्रमुख प्रशासकीय अधिकृत ले म्याद गुज्रेको मिति बाट तीस दिन म्याद थप गर्न सक्नेछ  ।

(१२) उपदफा (१०) बमोजिम निबेदन परेको मितिले साठी दिन भित्र त्यतो निबेदन उपर गा.पा. का प्रमुख प्रशासकीय अधिकृत ले निर्णय गर्नु पर्नेछ ।

(१३) उपदफा (१०) बमोजिम परेको निबेदन उपर छानविन गर्दा त्यस्तो निवेदनको जिकिर उपयुक्त देखिन आएमा स्पस्ट कारण खुलाई पर्चा खडा गरि मनोरन्जन कर पुन: निर्धारण गर्न गा.पा. का प्रमुख प्रशासकीय अधिकृतले आदेश दिन सक्नेछ ।

(१४) उपदफा (१०) बमोजिम निबेदन दिने व्यक्तिले निर्धारित मनोरन्जन कर रकम मध्ये बिबाद रहित कर र जरिवाना रकम बुझाई बिबादित कर र जरिवाना रकमको एक तिहाइ रकम नगद धरौटी राख्नु पर्नेछ ।

(१५) उपदफा (१२) बमोजिम को म्यादभित्र गा.पा. का प्रमुख प्रशासकीय अधिकृत ले निर्णय नगरेमा त्यस्तो म्याद नाघे पछि वा गरेको निर्णय उपर चित्त नबुझेमा त्यस्तो सूचना पाएको मितिले पैतिस दिनभित सम्बन्धित व्यक्तिले गा.पा.अध्यक्ष समक्ष पुनराबेदन दिन सक्नेछ ।

(१६) उप दफा (१५) बमोजिम पुनराबेदन दिने ब्यक्तिले निवेदनको एक प्रति पन्ध्र दिनभित्र गा.पा. कार्यालयमा दर्ता गराउनु पर्ने छ ।

(१७) उपदफा (१०) बमोजिम पुनरावलोकनको निबेदन वा उपदफा उपदफा (१५) बमोजिम पुनरावेदन दिएको कारण बाट उपदफा (५) र उपदफा (९)मा उल्लेखित निर्णयको कार्यान्वियनमा असर परेको मानिने छैन ।

(१८) उपदफा (१) बमोजिमको मनोरन्जन करको अन्य कार्यबिधि गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुने छ ।

७ .<u>कृषि आयमा **कर:**</u> (१) गा.पा.ले आफ्नो क्षेत्र भित्रको कृषि आयमा गाउपालिकाले कर लगाउन र असुल उपर गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर गाउपालिकाले तोकेको कार्यालयले संकलन गरी गा.पा.संचित कोषमा जम्मा गर्नेछ|

(३) उपदफा (२)मा जुनसुकै कुरा लेखीएको भए तापनि अर्को व्यवस्था नभएसम्म तोकिएको निकायले उपदफा (१ ) बमोजिमको कर संकलन गरि उठाएको रकम गा.पा. संचित कोषमा राखी सोको विवरण सहितको जानकारी गाउपालिका कार्यालयमा पठाउनुपर्ने छ ।

(४) उपदफा (१) बमोजिमको कर स्वयं कर विवरणको आधारमा बार्षिक रुपम आर्थिक बर्ष समाप्त भएको तिन महिना भित्र बुझाउनु पर्ने छ।

(५) कुनै व्यक्ति करको दायरामा रहेको तर स्वयं कर विवरण पेश नगरेमा तोकिएको अधिकृतले कर निर्धारण गर्न सक्ने छ ।

(६) उपदफा (५) बमोजिम कर निर्धारण गर्दा तोकिएको अधिकृतले सम्बन्धित व्यक्ति लाइ आफ्नो सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

(७) उपदफा (४) बमोजिमको म्याद भित्र कर दाखिला नगरेमा बार्षिक पन्ध्र प्रतिशत ब्याज र बिवरण दाखिला नगरेमा प्रति विवरण पाच सय रुपैया असुल उपर गरिनेछ ।

(८) कुनै व्यक्तिले कर छलेमा तोकिएको अधिकृतले उपदफा (५) बमोजिम कर निर्धारण गरेको रकमको दश प्रतिशत रकम जरिवाना गर्न सक्नेछ।

(९) उपदफा (५) बमोजिम कर निर्धारण गर्न दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र प्रशाशकिय पुनरावलोकनका लागि गा.पा का प्रमुख प्रशासकीय अधिकृत समक्ष निबेदन दिन सक्नेछ।

(१०) उपदफा (९) बमोजिम निबेदन दिने म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिन भित्र म्याद गुज्रिना गएको कारण खोलि गा.पा. का प्रमुख प्रशासकीय अधिकृत समक्ष निबेदन दिन सक्नेछ र त्यस्तो निबेदनमा उल्लेखित कारण मनासिव देखिएमा गा.पा. का प्रमुख प्रशासकीय अधिकृत ले ले म्याद गुज्रेको मिति बाट तीस दिन म्याद थप गर्न सक्नेछ ।

(११) उपदफा (९) बमोजिम निबेदन परेको मितिले साठी दिनभित्र त्यस्तो निबेदन उपर गा.पा. का प्रमुख प्रशासकीय अधिकृतले निर्णय गर्नु पर्नेछ ।

(१२) उपदफा (९) बमोजिम निबेदन परेको निबेदन उपर छानविन गर्दा त्यस्तो निवेदनको जिकिर उपयुक्त देखिन आएमा स्पस्ट कारण खुलाई पर्चा खडा गरि पुन: कर निर्धारण गर्न गा.पा. का प्रमुख प्रशासकीय अधिकृतले आदेश दिन सक्नेछ।

(१३) उपदफा (९) बमोजिम निबेदन दिने व्यक्तिले निर्धारित कर रकम गा.पा. मध्ये विवादरहित कर र जरिवाना रकम बुझाइ विवादित कर र जरिवाना रकमको एक तिहाइ रकम नगद धरौटी राख्नु पर्ने छ ।

(१४) उपदफा (१०) बमोजिमको म्याद भित्र गा.पा. का प्रमुख प्रशासकीय अधिकृतले निर्णय नगरेमा त्यस्तो निर्णयको सूचना पाएको मितिले पैतिस दिन भित्र सम्बन्धित व्यक्तिले गा.पा. अध्यक्ष समक्ष पुनराबेदन दिन सक्नेछ ।(१५) उपदफा(१४)बमोजिम  पुनराबेदन दिने व्यक्तिले त्यसको एक प्रति पन्ध्र दिन भित्र गा.पा. कार्यालयमा दर्ता गराउनु पर्ने छ ।

(१६) उपदफा (९) बमोजिम पुनरावलोकनको निबेदन वा उपदफा (१४) बमोजिम पुनराबेदन दिएको कारण बाट उपदफा (५)मा उल्लेखित निर्णयको कार्यन्वयनमा असर परेको मानिने छैन।

(१७ ) उपदफा (१) बमोजिमको करको अन्य कार्यविधि गाउपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**<u>८ . पर्यटन शुल्क :</u>** गा.पा.ले  आफै निर्माण गरेको पर्यटकीय स्थल ,पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सेवाको लागत संचालन र सम्भार खर्चलाई आधार मानि पर्यटन शुल्क लागाई उठाउन सक्नेछ ।

९.<u>**प्रा**कृतिक श्रोत कर:</u>  (१) संघिय कानुनले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्राकृतिक श्रोत मध्ये आफ्नो क्षेत्रभित्र माटो,ढुङ्गा,गिट्टी,बालुवा र दहत्तर बहत्तरको संकलनमा कर लगाई असलु गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको  कर सम्बन्धित वार्ड वा भागेश्वोर  गाउँपालिकाले  संकलन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संकलन भएको रकम वार्ड वा गाउपालिकाले गा.पा.को  संचित कोषमा जम्मा गरि सोको विवरण सहितको जानकारी गाउपालिकामा पठाउनु पर्ने छ ।

(४) वार्ड कार्यालयले   फ्नो क्षेत्र भित्रमाटो , ढुङ्गा, गिट्टी ,बालुवा  र दहत्तर बहत्तर संकलन गर्नु आघि प्रचलित  संघिय कानून बमोजिम आवश्यक पर्ने वातावरणीय अध्ययन प्रतिवेदन र कार्ययोजना गाउपालिकामा पेश गर्नु पर्ने छ |

(५) उपदफा (४) बमोजिको स्वीकृत वातावरणीय अध्ययन र कार्ययोजना प्राप्त भएमा गाउपालिकाले नेपाल सरकारको नीतिको अधिनमा रही वातावारणमा प्रतिकुल असर नपर्ने तथा सर्वसाधारण जनताको हित हुने देखेमा वार्ड कार्यालयलाइ माटो ,ढुंगा ,गिट्टी ,वालुवा र दहत्तर बहत्तर संकलन गर्न गराउन आवश्यक स्वीकृति दिन सक्नेछ |

(६) उपदफा (५) बमोजिम स्वीकृति प्राप्त भएमा वार्ड वा गाउपालिकाले त्यस्तो क्षेत्रम माटो, ढुङ्गा, गिट्टी, वालुवा र दहत््तर बहत्तर संकलन गर्न गराउन सक्नेछ ।

१०.**सेवा शुल्क तथा सिफारिस दस्तुर** : भागेश्वोर गाउपालिकाले संविधानको अनसुची-६ बमोजिमका क्षेत्र र विषयमा आफुले पुर्याएको सेवा वाफत **सेवा** शुल्क तथा सिफारिस दस्तुर लगाई उठाउन सक्नेछ ।

११ . गाउँपालिका बिकास शुल्क **: (१)** गाउपालिका भित्र संचालित उद्योग, व्यापार ,व्यवसायमा र सेवामा दर्ता र नविकरणका बखत गाउपालिका बिकास शुल्क लाग्नेछ |

(२)उपदफा (१) बमोजिमको कर प्रशासन सम्बन्धित वार्ड कार्यलयले गर्नेछ |

(३) उपदफा (१) बमोजिम संकलन गरेको शल्कु सम्बन्धित वार्ड कार्यालयले गा.पा.को संचित कोषमा दाखिला गरि सोको विवरण गाउपालिका कार्यालयमा पठाउनु पर्नेछ |

(४) प्रचलित कानून बमोजिम व्यवसाय नवीकरण गर्न तोकेको अवधि भित्र नवीकरण गरि उपदफा (१) बमोजिमको कर नबुझाएमा नविकरणको म्याद नाघेको पहिलो तिन महिना सम्म पच्चीस प्रतिशत ,त्यस पछि को तिन महिना सम्म पच्चीस प्रतिशत र सो भन्दा बढी अवधिको लागि पचास प्रतिशत थप शुल्क लाग्नेछ ।

१२ .**दर घटाउन, बढाउन वा छुट** दिन सक्ने : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवस्यकता अनुसार यो ऐन र अन्य कानुन बमोजिम लगाइएका दस्तुर ,शुल्क र करको डर घटाउन ,दधुना वा त्येस्तो दस्तुर ,शुल्क र कर आंशिक वा पूर्ण रुपम छुट दिन सक्नेछ |त्येस्तो डर घटाइएको ,बढाइएको वा छुट दिएको सूचना राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर , शल्कु र कर आंशिक वा पूर्ण रुपम छुट दिइएको विवरण प्रत्येक बर्ष गाउ सभामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुबिधाको कसैले दुरुपुयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालबस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महशुल र कर रकम असुल उपर गरि सो रकम बराबर जरिवाना गरिनेछ ।

**१४.**प्रक्रिया **सरलीकरण वा बाधा अड्काउ फुकुवा** गर्न सक्ने :

यस ऐनको कार्यान्वयन क्रममा हड्ताल ,दैबी प्रकोप ,प्राकृतिक विपत्तिको कारणले उल्लेखित ऐनले प्रदान गरेको कुनै सुबिधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा ,कुनै जटिलता देखिएमा वा उल्लेखित ऐन तथा यस ऐन को कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा गाउपालिकाले आवश्यकता अनुसार अवधि थप गर्न ,प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयन देखिएको बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

**१५.निर्देशिका बनाउन सक्ने :** यो ऐनको अधिनमा रही गाउपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ |

**अनुसूची १**

(दफा २ संग सम्बन्धित)

**भूमि कर (जग्गा )**

अर्को कानून नबनेसम्म यस गाउपालिकामा जग्गा शुल्क दर प्रति रोपनी तपसील बमाजिम कायम गरि असूल गर्ने

| जग्गाको प्रकार | अव्बल | दोयम | सिम | चाहार | पाचौ |
|---|---|---|---|---|---|
| खेत | १२ | १० | ८ | ६ | |
| पाखो | ८ | ६ | ४ | ३ | २।५० |

**अनुसूची २**

(दफा ३ संग सम्बन्धित)

**घर वहाल कर**

आफनो क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पूरै वा आंशिक रूपमा वहालमा दिएमा सम्बन्धित धनीवाट वहाल रकमको ३ प्रतिशत घर वहालकर लिने ।

**अनुसूची ३**

(दफा ४ संग सम्बन्धित)

**व्यवसाय कर**

**व्यवसाय कर निम्न अनुसार लिनेछ ।**

| सि.नं | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | क(रू) | ख(रू) | ग(रू) |
| १ | नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको ठेक्कापट्टा ईजाजत पत्र जारी | | | २०००० घ वर्ग |
| २ | होटेल/लज/रेष्टुरेन्ट<br>कोठा भएको लज तथा खाना भएको होटेललाई (क)<br>• लज मात्र भएको लजलाई (ख)<br>• साधारण खाना,नास्ता, भएकोलाई (ख)<br>• चिया मात्र भएकोलाई (ग) | १००० | ५०० | २०० |
| ५ | मासू पसल<br>• सवै प्रकारका मासू मात्र बेच्नेलाई (क)<br>• कूखूराको मासु बेच्नेलाई (ख) | ६०० | ४०० | |
| ६ | सून चांदी गहना पसल<br>• आफनै सून चांदी लिई वनाउने र बेच्नेलाई (क)<br>• अरूको सून चांदी लिई वनाउनेलाई (ख) | १००० | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| ७ | रेडियो/मोवाईल विक्री तथा मर्मत | ३०० | | |
| ८ | संचार सेवा | २५० | | |
| ९ | घडि विक्री तथा मर्मत | ३०० | | |
| १० | केवल टि.भि.सेवा | १००० | | |
| ११ | फोटो स्टूडियो<br>• कलर ल्यावलाई (क)<br>• फोटो स्टूडियोलाई (ख) | १००० | ५०० | |
| १२ | ह्जाम | २०० | | |
| १३ | टेलरिंग<br>• आफै कपडा विक्रि गरि सिलाई गर्ने क<br>• सिलाईको काम मात्र गर्ने ख | ५०० | २०० | |
| १४ | जूत्ता पसल<br>• जूत्ता सिलाई र बेच्नेलाई (क)<br>• जूत्ता मर्मत मात्र गर्नेलाई (ख) | ४०० | १५० | |
| १५ | • मोटरसाईकल मर्मत गर्नेलाई | २०० | | |
| १६ | मेटलका फर्निचर बा उद्योग वर्कशप | १००० | | |
| | काष्ठ उद्योग<br>• काठ चिरानी मेशिन सहित काठहरूको विभिन्न फर्निचर र अरू काठहरूको झयालढोका आदी वनाउनेलाई (क)<br>• कूनै एक मात्र वनाउनेलाई (ख) | २००० | १००० | |
| १७ | स्वास्थ्य सेवा<br>• अस्पतालाई (क)<br>• पोली क्लिनीकलाई, थोक मेडिकललाई (ख)<br>• मेडिकललाई (ग) | १००० | ८०० | ५०० |
| १८ | कम्प्युटर ईन्स्टिच्युट | १००० | | |
| १९ | तरकारी र फलफूल पसल | ५०० | | |
| २० | मिलहरू<br>• १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>• सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई (ख) | १००० | ५०० | |
| २९ | कपडा पसल<br>• रेडिमेड क<br>• अन्य ख | ८०० | ५०० | |
| ३० | ठेकेदारको इजाजतपत्र नविकरण<br>• नेपाल सरकारको ईजाजत प्राप्त क वर्गको ठेकेदारलाई (क)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ख वर्गको ठेकेदारलाई (ख)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ग वर्गको ठेकेदारलाई (ग)<br>• नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको ठेकेदारलाई | [redacted]<br>१००० | [redacted] | [redacted] |
| ३१ | किराना पसल | १००० | ७०० | ५०० |

| | | | | |
|---|---|---|---|---|
| | • थोक सहितको किराना पसललाई (क)<br>• खुद्रा किराना पसललाई (ख)<br>• अन्य किराना पसललाई (ग) | | | |
| ३२ | भांडा पसल<br>• धातू तथा प्लाष्टिकका भाँडा तथा सामान बेच्नेलाई (क)<br>• स्थानीय काठका भाँडा बेच्नेलाई (ख)<br>• कृषि औजारका सामान बेच्नेलाई (ग) | ७०० | ५०० | २०० |
| ३३ | चूरा धागो तथा श्रृङ्गारका सामान पसल<br>• थोक सहितको पसललाई (क)<br>• खुद्रा पसललाई (ख) | ५०० | ३०० | |
| ३४ | कूखुरा तथा बाख्रा पालन<br>• बाख्रा पाल्नेलाई (क)<br>• कूखुरा पाल्नेलाई (ख) | ७०० | ५०० | |
| ३५ | व्यूटि पार्लर | ५०० | | |
| ३९ | हार्डवेयर पसल | १००० | | |
| ४० | ईलेक्टिक पसल | ७०० | | |
| ४१ | कानूनी फर्म | १००० | | |
| ४२ | साईन वोर्ड पेन्टीङ्ग | ५०० | | |
| ४४ | स्टेशनरी पसल<br>• खेलकुदका सामग्री सहित भएकोलाई (क)<br>• स्टेशनरी मात्र भएको लाई (ख) | ७०० | ५०० | |
| ४६ | लेखापरीक्षक | १००० | | |
| ४७ | उर्जा सामान विक्रि गर्ने | ५०० | | |
| ४९ | विज्ञापन सेवा वा एजेन्ट | ५०० | | |
| ५१ | अन्तराष्टिय गैरसरकारी संस्था (शाखा कार्यालय समेत) क<br>राष्टिय गैरसरकारी संस्था (शाखा कार्यालय समेत) ख | ५००० | २५०० | |
| ५२ | वित्तिय सेवा<br>• नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने वाणिज्य वैंक (क)<br>• वित्तिय संस्थाको शाखा कार्यालय (ख)<br>• ऋण तथा बचत सहकारी संस्था (ग) | ५००० | २००० | १००० |
| ५३ | वित्तिय कारोवार वाहेक अन्य कारोवार गर्ने सहकारी संस्था | ५०० | | |
| ५४ | नीजि स्कुल | १००० | | |
| ५५ | सप्लायर्स | १००० | | |
| ५६ | टेलिफोन टावर राखि संचार सेवा उपलव्ध गराउने संस्थालाई | ३००० | | |
| ५७ | माथि उल्लेख भएको वाहेक अन्य व्यवशाय, सेवा आदीहरूमा गाउ कार्यपालिकाको निर्णय गरी सो बमोजिम कर असूली गर्ने । | | | |

| | | | | |
|---|---|---|---|---|
| ५८ | कृषि सामग्रीको पसल/भेटेनरी सम्बन्धी पसल | ५०० | | |
| ५९ | कृषि व्यवशाय (वंगूर, माछा, गाई पालन) | ५०० | | |
| ६० | निकासी पैठारी कर | | | |
| | (क) गडी भैसी संरक्षित वाहेक रांगो /भैसी | ५०० | प्रतिगोटा | |
| | (ख) गाई गोरू | १०० | ” | |
| | (ग) वोका,खसी र वाखा | ५० | ” | |
| | (घ) घोडा | १०० | | |
| | (ङ.) खच्चर | १०० | | |
| ६१ | **चौपाया उपचार शुल्क** | | | |
| | (क) वंगुर | १५ | | |
| | (ख) गाई/गोरू | १५ | | |
| | (ग) भैसी/रांगो | २५ | | |
| | (घ) वाखा, वोका/खसी | ५ | | |
| | (ङ.) कुकुर | ५० | | |
| | (च) चराचुङ्गी (हांस,वदक,कुखुरा र परेवा) | ५ | | |
| | (छ) घोडा/खच्चर | २५ | | |
| ६२ | **मृतक चौपाया पोष्ट मार्टन शुल्क** | | | |
| | (क) वंगुर | ७५ | | |
| | (ख) गाई/गोरू | १०० | | |
| | (ग) भैसी/रांगो | २५० | | |
| | (घ) वाखा, वोका/खसी | ५० | | |
| | (ङ.) कुकुर | २०० | | |
| | (च) चराचुङ्गी (हांस,वदक,कुखुरा र परेवा) | १५ | | |
| | (छ) घोडा/खच्चर | २५० | | |
| ६३ | **चौपाया कृत्रिम गर्माधान शुल्क** | | | |
| | (क) गाई | ५० | | |
| | (ख) वाखा | ३० | | |
| | (ग) भैसी | ५० | | |
| ६४ | **मानव प्रयोगशाला शुल्क** | | | |
| | TC,DC | ६० | | |
| | ESR | ५० | | |
| | Haemoglobin | ३० | | |
| | BTCT | ६० | | |
| | Blood Group | ५० | | |
| | Blood Sugar | ८० | | |
| | Uric Acid | ८० | | |
| | Urea | १०० | | |
| | Creatinine | १०० | | |
| | Billrubin (T/D) | १०० | | |

| | | | | |
|---|---|---|---|---|
| | HIV | नि:शुल्क | | |
| | HBsAG | १२० | | |
| | HCV | २४० | | |
| | VDRL/RPR | १०० | | |
| | RA Factor | १५० | | |
| | ASO Titre | १५० | | |
| | CRP | १५० | | |
| | WIDAL Test | ८० | | |
| | URINE EXAMINATION | ५० | | |
| | STOOL EXAMINATION | ५० | | |
| | Occult Blood EXAMINATION | ५० | | |
| | AFB | नि:शुल्क | | |
| | MP | नि:शुल्क | | |

नोट :

१. यसमा डिलर, एजेन्ट, डिपो, सव डिलर आदी वाहेक अन्य पसल, उद्योग, व्यवशायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवशाय गरेको छ भने सवै आईटम मध्ये कूनै एकको मात्र कर लिने छ तर यस्मा सवै आईटम मध्ये जून आईटमको कर रकम वढी छ सोहीलाई कायम गरी कर असूल गरिनेछ

२. म्याद भित्र नवूझाउने कूनै पनि करदाताहरूवाट बूझाउनू पर्ने सम्पुर्ण व्यवशायकर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवशायकर असूल गरिनेछ ।

**अनुसूची ४**

(दफा ५ संग सम्बन्धित)

**सवारी साधन कर**

(क) वार्षिक सवारीकर निम्न अनूसार लिने ।

| | |
|---|---|
| बस, टक, तथा अन्य हेभी सवारीमा | रू.५००।०० |
| भाडाको मिनिबस, टैक्टर आदिमा | रू.३००।०० |
| भाडाको जीप, भ्यान पिकअप, आदिमा | रू.१५०।०० |
| भाडाको टेम्पो | रू.५०।०० |
| नीजि जीप,कार,भ्यान आदिमा | रू.१५०।०० |
| मोटरसाईकल / स्कुटर | रू.५०।०० |
| अन्य सवारीमा | रू.२०।०० |

ख) पटके सवारीकर:

यस गाउपालिका भित्रका सडक मर्मत संभार गर्नका लागि सडकको पटके सवारी कर लगाउन सक्ने व्यवस्था समेत भएकोले चालु आ.ब. २०७५/७६ देखि देहाय अनुसार पटके सवारी कर लिने

(१) बस, टक, टैक्टर आदीमा रू.२५।००

(२) अन्य सवारीमा रू.१५।००

(३) सरकारी तथा कुटनैतिक नियोगका सवारी साधनमा उक्त कर लिईने छैन ।

## अनुसूची ५

(दफा ६ संग सम्बन्धित)

**विज्ञापन कर**

ठेक्का प्रकृया द्धारा विज्ञापनकर उठाउनको लागि देहाय अनूसार दररेट निर्धारण गरी विज्ञापनकर कर लिने ।

(क) सववोर्ड प्रति वर्गफिट रू. ४०/००

(ख) होडिंगवोर्ड प्रति वर्गफिट रू. ७५/००

(ग) ग्लोसाईनवोर्ड प्रति वर्गफिट रू. ९०/००

(घ) भित्तेलेखन/सटर पेन्टिंग प्रति वर्गफिट रू. २०/००

(ञ) ब्यानर प्रति हप्ता रू. १००/००

(च) पोलबोर्ड प्रति गोटा प्रति वर्ष रू. १,०००/००

(छ) डिजिटल बोर्ड प्रति वर्गफिट रू. २००/००

## अनुसूची ६

(दफा ७ संग सम्बन्धित)

**सेवा शुल्क तथा सिफारिस दस्तूर**

गाउपालिकावाट उपलब्ध गराउने सिफारिसहरूको निम्न वमोजिम सिफारिस दस्तूर लिने ।

| सि.नं. | विवरण | शुल्क तथा दस्तूर रू. |
|---|---|---|
| १ | नागरिता सिफारिस | १०० |
| २ | आर्थिक अवस्था सम्वन्धि सिफारिस | १०० |
| ३ | विद्यूत जडान सिफार्रिस | २०० |
| ४ | व्यवसाय दर्ता सिफारिस | २०० |
| ५ | व्यक्तिगत विवरण सिफारिस | २०० |
| ६ | संस्था दर्ता सिफारिस | ५०० |
| ७ | घर वाटो सिफारिस | ३०० |
| ८ | चारकिल्ला प्रमाणित | ३०० |
| ९ | फरक नाम थर जन्ममिति सिफारिस | १५० |
| १० | अविवाहित प्रमाणित सिफारिस | २०० |
| ११ | जग्गा धनि प्रमाणपत्र हराएको सिफारिस | २०० |
| १२ | पुजामा घर कायम गर्नै सिफारिस | २०० |
| १३ | हकदार प्रमाणित सिफारिस | २५० |
| १४ | नाम थर संसोधन सिफारिस | २०० |
| १५ | छात्रबृत्ति सिफारिस | ५० |

| | | |
|---|---|---|
| १६ | अपाङगता सिफारिस | ५० |
| १७ | स्थायी वसोवास प्रमाणित | १०० |
| १८ | जिवित रहेको प्रमाणित | १५० |
| १९ | व्यापार व्यावसाय संचालनमा नरहेका् | ३०० |
| २० | नावालक सम्वन्धि सिफारिस | १०० |
| २१ | नाम सारी र ठाउ सारी सिफारिस | २५० |
| २२ | पुर्व प्रा.वि. खोल्ने अनूमति | १००० |
| २३ | कक्षा थप गर्ने सिफारिस | १५०० |
| २४ | वाटो कायम गर्ने सिफरिस | २०० |
| २५ | अन्य कार्यालयको माग अनूसार विवरण खूलाई पठाउने र रहोवरमा वस्नूपर्ने | ५०० |
| २६ | आन्तरिक वसाइ सराई सिफरिस | १०० |
| २७ | दलित प्रमाणित सिफरिस | १०० |
| २८ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले | न्यनतम रू ५०० र वार्षिक हुन आउने मूल्यांकन रकमको ०.१ प्रतिशतका दरले जुन बढी हुन्छ |
| २९ | नाता प्रमाणित (नेपाली) | २५ |
| ३० | नाता प्रमाणित (अंग्रेजी) | २५० |
| ३१ | जन्म विवाह मृत्यु प्रमाणित | १०० |
| ३२ | धारा जडान सिफारिस | २०० |
| ३३ | चल अचल सम्पत्ति मूल्यांकन दस्तुर | न्यूनतम प्रति सिफारिश ५००। र कायम हुन आएको मुल्यको प्रतिहजार रू १ जुन बढी हुन्छ |
| ३४ | घर जग्गा नाम सारी सिफरिस | २०० |
| ३५ | घर कायम सिफारिस | २०० |
| ३६ | विपन्न सिफरिस | २५ |
| ३७ | अस्थायी वसोवास सिफरिस | १०० |
| ३८ | अंगिर्कत नागरिता सिफारिस | ५००० |
| ३९ | जन्म मिति संसोधन सिफारिस | |
| | नाबलकको लागि | २०० |
| | अन्यको लागि | ५०० |
| ४० | जग्गा दर्ता सिफारिस | |
| | संस्थागत | ५०० |
| | व्यक्तिगत | २०० |
| ४१ | निशूल्क उचारका लागि सिफारिस | १०० |
| ४२ | मिलापत्र कागज गराउने (मूद्दाको प्रकृति हेरी) | ५०० देखि १००० सम्म |
| ४३ | काउन्सिलिङ भेरीफिकेशन | प्रति पाना ५० |
| ४४ | छायांकन सिफारिस | १००० |
| ४५ | अंग्रेजीमा प्रमाणित कागजपत्र | प्रति कागज २०० |
| ४६ | भवन निर्माण दस्तूर प्रति वर्गफिट | १० |

| | | |
|---|---|---|
| ४७ | योजना माग सिफारिस | २५० |
| ४८ | सम्पन्न सिफारि शुल्क | १. एकलाख सम्मको ५००।-, दुईलाख सम्मको १०००। पाचलाख सम्मका १५००। सो भन्दा माथिको योजनाको रु २०००। योजना सम्पन्न सिफारि शुल्क लिने |
| ४९ | मेला कर | पसलको अवस्था हेरी रु ५० देखि ५०० सम्म |
| ५० | संकलन तथा गोमाम शूल्क | १००० |
| ५१ | प्राकृतिक श्रोत उपयोग | |
| क | मूल दर्ता सिफारिस खानेपानी | ५०० |
| ख | मूल दर्ता सिफारिस सिचाई | १००० |
| ग | अन्य मूल दर्ता सिफारिस गर्दा कार्यपालिकाको निर्णय गराई | १०००० |
| घ | सालकाठ निकासी शूल्क प्रति क्यूफिट | ३० प्रति घ.फिट |
| ङ | सल्ला काठ निकासी शूल्क प्रति क्यूफिट | २० प्रति घ.फिट |
| च | साल र सल्ला बाहेक अन्य काठ निकासी शूल्क प्रति क्यूफिट | १० प्रति घ.फिट |
| छ | आबादीमा रहेका खयर ओखर जस्ता काठ | खैर १० प्रति केजी अन्य रू.५ |
| ज | खोटो निकासी शूल्क प्रति केजी | २ प्रति केजी |
| झ | जडवूडी निकासी शूल्क प्रति केजी | १ देखि १० प्रति केजी |
| ञ | स्लेट निकासी | घरायसी भए कर नलाग्ने बाहिर निकासीमा प्रति टिप ५०० |
| ट | गिट्टी ढूंगा वालूवा | गाउ पालिका भित्रका लागि २५० र निकासीका लागि प्रति टिप ३५० देखि ५०० |
| ठ | रूख काट्नको लागि सिफारिस | १५०।०० |
| ५२ | महाकालीमा माछामार्ने कार्य | ५००० |
| ५३ | कार्यक्रम संचालन अनूमति सिफारिस | स्थानीयलाई ५०० गा.पा. बाहिरकालाई २००० |
| ५४ | जग्गा/मोही नामसारी/जग्गा दर्ता/गूठी/रैकर आदि | १००।०० |
| ५५ | जग्गा खरिद विक्रीमा घर, वाटो प्रमाणित | २००।०० |
| ५६ | कालोपत्रे मोटरवाटो भएको जग्गाको सिफारिसमा | ३००।०० |
| ५७ | निवेदन दस्तूर | रू १० लिने |
| ५८ | घरकर बार्षिक | भुईतले कच्ची फुसको घरको: नलाग्ने<br>भुईतले पक्की घरको: रु १०<br>भुईतले बाहेको पक्की घरको: रु<br>RCC छाना भएको: ६० |

| | | | |
|---|---|---|---|
| | | स्लेट तथा जस्तापाताले छाएको | ४० |
| | | खरले छाएको | २५ |
| ५९ | घर निर्माण नक्सापास दस्तूर: प्रति बर्ग फिटको | क) निवेदन फाराम रु.१०० लिने<br>ख) ढलान गरी निर्माण गरिने घरको रु. २, ढलाननगरी निर्माण गरिने घरको रु. १, माटोकोजडान गरि घरनिर्माण गरिने घरको रु.०।५० प्रति वर्ग फिट<br>ग) नक्सा नामसारी तथा नविकरण प्रत्येक पटकको रु.५००<br>३) साविक घरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रु. १००<br>ङ) नक्सापास सम्बन्धी नक्सापास प्रमाणपत्रको रु. २००<br>पास भएको नक्साको रु. ३०० दस्तूर लिई प्रतिलिपी दिने। | |
| ६० | भाडा | यस गाउपालिकामा रहेको हल तथा प्रोजेक्टर प्रयोग गरे वापत प्रति दिन रु. १००० देखि १५०० भाडा लिई उपलव्ध गराउने | |
| ६१ | कर, दस्तुर, महशुल आदी वुझाएको भनी लिएको प्रमाणपत्रहरु आदि हराएमा अर्को प्रतिलिपी | ५०।०० | |

नोट : १) यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐन सग नबाझिने गरि गाउ कार्यपालिकाले निर्णय गरेबमोजिम हूनेछ।